चीनसँगको सीमा जोडिएको लप्चीगाउँमा भालु आतंक

■ सौर्य समाचार

दोलखा । भालु आतंकबाट पीडित चीनसँग सीमा जोडिएको जिल्लाको बिगु गाउँपालिका-१ लप्चीगाउँका स्थानीय गाउँ छोड्नुपर्ने अवस्थामा पुगेका छन् । जंगली भालुको आतंकबाट मानिससहित पशुचौपाया जोगाउन हम्मेहम्मे परेकाले बाध्य भई थातथलो छोड्नुपर्ने अवस्था सिर्जना भएको स्थानीय पासाङ छिरिङ शेर्पा बताउँछन् । उनका अनुसार मौसम असाध्यै चिसो भएको अवस्थामा घर भत्काउने, खाद्यान्न बाली नष्ट गर्ने र मानिस तथा पशुचौपायालाई आक्रमण गर्ने क्रम बढेकाले भालुको नियन्त्रणका लागि सम्बद्ध निकायको ध्यान जान आवश्यक छ ।

चिसोबाट बच्न र चौरी चरणका लागि हिउँदमा युवाहरू सोही वडाको लुम्नाङतर्फ झर्न थालेपछि घरमा बुढाबुढी मात्र बस्ने भएकाले लप्चीमा भालु र चितुवासमेतको बिगबिगी भएको स्थानीयको भनाइ छ । स्थानीय वाङ्छु शेर्पाका अनुसार गाउँमा भएको जंगली जनावरको आक्रमणबाट उल्लेख्य संख्यामा चौरी र घोडा मरेपछि आर्थिक रूपमा ठुलो क्षति भएको, गाउँमा डर एवं त्रासको वातावरण पैदा भएको, घरमा भण्डारण गरी राखेका खाद्यान्न खाइदिएपछि असहज परिस्थिति उत्पन्न भएको, मानिससमेत असुरक्षित हुने अवस्था सिर्जना भएकोले वाध्य भई गाउँ छाड्नुपर्ने अवस्था भएको छ । गाउँमा बढ्दो अवस्थामा रहेको भालु र चितुवा आतंक न्यूनीकरण तथा नियन्त्रणका लागि पहल गरिदिन सरकारसँग उनले माग गरे ।

■ सर्वोच्चलाई सभामुख घिमिरेको जबाफ-

प्रतिनिधिसभा विघटन र निर्वाचनको मिति घोषणा दुवै असंवैधानिक

■ सौर्य समाचार

काठमाडौँ । सभामुख देवराज घिमिरेले प्रतिनिधिसभा विघटन र निर्वाचनको मिति घोषणा दुवै असंवैधानिक कदम भएको जिकिर गरेका छन् । जेनजी आन्दोलनपछि प्रतिनिधिसभा विघटन र पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार गठनविरुद्ध परेको रिटमा जबाफ दिँदै उनले यस्तो बताएका हुन् । सभामुख घिमिरेले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई संवैधानिक व्यवस्थाविपरीत संविधानको पालक र संरक्षकबाट प्रधानमन्त्री नियुक्ति भएको उल्लेख गरेका छन् । नेपालको संविधानको पालक र संरक्षक राष्ट्रपति हुन् । सभामुख घिमिरेले दिएको जबाफमा उनैलाई ईंगित गरिएको छ ।

'प्रष्ट संवैधानिक व्यवस्थाविपरीत संविधानको पालक र संरक्षकबाट नै संविधानवाद, कानुनी शासन, र प्रचलित पद्धतिविपरीत वर्तमान प्रधानमन्त्री नियुक्त भएको देखिन्छ,' घिमिरेले सर्वोच्चमा पठाएको जबाफमा भनिएको छ, 'असंवैधानिक प्रधानमन्त्रीको पहिलो निर्णयस्वरूप गरिएको प्रतिनिधिसभा विघटनको सिफारिस र त्यसको आधारमा गरिएको निर्वाचनको मिति घोषणा दुवै असंवैधानिक भएकोले कार्यान्वयन योग्य छैनन् ।'

सभामुख घिमिरेले संविधान मिचेर सोझै प्रतिनिधिसभाको सदस्य नभएको व्यक्ति प्रधानमन्त्री पदमा नियुक्ति गर्नु कानुनी शासन तथा संवैधानिक व्यवस्था प्रतिकूल भएको उल्लेख गरेका छन् । संविधानको धारा ७६ अनुसार प्रतिनिधिसभाको सदस्य त्यसमा पनि बहुमत प्राप्त संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्ने स्पष्ट संवैधानिक व्यवस्थाको प्रतिकूल हुनेगरी कार्कीलाई प्रधानमन्त्री नियुक्त गरिएको उनको जिकिर छ ।

'नेपालको संविधानको धारा १३२ मा प्रधानन्यायाधीश तथा सर्वोच्च अदालतको न्यायाधीशलाई अन्य कुनै काममा लगाउन नहुने भन्ने शीर्षकअन्तर्गत उपधारा (१) मा प्रधानन्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीशलाई न्यायाधीशको पदमा बाहेक अन्य कुनै पदमा काममा लगाइने वा काजमा खटाइने छैन भन्ने उल्लेख भएको छ । यस्तै, उपधारा (२) मा प्रधानन्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीश भइसकेको व्यक्ति यस संविधानमा अन्यथा उल्लेख भएकोमा बाहेक कुनै पनि सरकारी पदमा नियुक्तिका लागि ग्राह्य हुने छैन भन्ने व्यवस्था रहेको छ,' घिमिरेको दिएको लिखित जबाफमा भनिएको छ, 'प्रधानमन्त्रीजस्तो सरकार प्रमुखको पदमा नियुक्त गरिने कार्य संविधानबमोजिम हुनुपर्दछ । सोविपरीत संवैधानिक दायराभन्दा बाहिर गई गरिएको नियुक्ति संविधानवाद, कानुनको शासनजस्ता मूलभूत सिद्धान्तविपरीत छ । संविधानबमोजिम कार्य गर्न सक्ने पर्याप्त बाटो हुँदाहुँदै सो अवलम्बन नगरी असंवैधानिक तरिकाबाट भएको प्रधानमन्त्रीको नियुक्ति पूर्णतः गैरसंवैधानिक रहेको छ ।'

यसअघि, नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पनि सर्वोच्च अदालतलाई लिखित जबाफ दिँदै संविधानविपरीत सर्वोच्च अदालतका पूर्वप्रधानन्यायधीश सुशीला कार्कीलाई नियुक्ति गरिएको जिकिर गरेका थिए । प्रतिनिधिसभा पुनर्स्थापनाका लागि सर्वोच्च अदालतमा परेको रिटमा लिखित जवाफ पेस गर्दै उनले भदौ २३ र २४ को आगजनी र अराजकताका लाभग्राही अहिलेकी प्रधानमन्त्री र मन्त्री भएकोले यो अवस्थाको सिर्जनाकर्ता पनि उनीहरू नै भएको दाबी गरेका छन् ।

प्रधानमन्त्री सुशीला कार्की र उनको मन्त्रिमण्डलका सदस्यहरूले राज्यसत्ता कब्जा गर्ने दृष्यअदृष्य कार्य गरेको कुरा घटनाक्रमले पुष्टि गरेको पनि अध्यक्ष ओलीले सर्वोच्च अदालतलाई पठाएको जबाफमा उल्लेख छ । 'संविधानको पूर्ण बफादार रहन्छु भनेर शपथ खाएको एक घण्टा नबिदै त्यसको उल्लंघन गर्दै प्रधानमन्त्री कार्कीले प्रतिनिधिसभा विघटन गरेकाले यो पूर्णतः असंवैधानिक छ,' उनले भनेका छन्, 'संविधानको धारा ७६ बमोजिम नयाँ सरकार गठन गर्न राष्ट्रपतिले आह्वान गर्नुपर्नेमा संविधानविपरीत सर्वोच्च अदालतका पूर्वप्रधानन्यायधीश सुशीला कार्कीलाई नियुक्ति गर्नु संविधानविपरीत भएको हो । यो संविधानको ठाडो उल्लंघन हो ।'

यसैबीच, एमालेले विघटित प्रतिनिधिसभा पुनःस्थापनाको माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गर्ने निर्णय गरिसकेको छ । असंवैधानिक रूपमा प्रतिनिधिसभा विघटन गरिएको दाबी गर्दै विघटित प्रतिनिधिसभाको दोस्रो ठुलो दल एमालेका प्रमुख सचेतक र सचेतकमार्फत रिट दायर गर्ने निर्णय गरिएको हो ।

यसअघि नै पार्टीका सांसदहरूको हस्ताक्षर संकलन गरिसकेको एमालेले विघटित प्रतिनिधिसभाका सदस्यलाई पार्टी केन्द्रीय कार्यालय च्यासलमा बोलाएर मंगलबार उक्त निर्णय लिएको हो । प्रतिनिधिसभा विघटनविरुद्ध यसअघि नै सर्वोच्च अदालतको संवैधानिक इजलासमा १७ वटा रिट निवेदन विचाराधीन छन् ।

तोकिएकै मितिमा निर्वाचन सम्पन्न गर्नु सरकारको प्रमुख कार्यभार : गृहमन्त्री अर्याल

■ सौर्य समाचार

काठमाडौँ । गृहमन्त्री ओमप्रकाश अर्यालले प्रतिनिधिसभाको निर्वाचन तोकिएकै मितिमा शान्तिपूर्ण ढंगबाट सम्पन्न गर्नु सरकारको प्रमुख कार्यभार भएको बताउनुभएको छ । बिहीबार गृह मन्त्रालयमा आयोजित आर्थिक वर्ष २०८२/८३ को प्रथम चौमासिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा उनले निर्वाचनका लागि आवश्यक तयारीका लागि सबै निकायलाई उच्च प्रतिबद्धताका साथ जुट्न निर्देशन दिए ।

जेनजी आन्दोलनपछि उत्पन्न अवस्था र जनभावनालाई दृष्टिगत गर्दै सेवा प्रदायक निकायले आफ्नो काम कारबाही छिटोछरितो बनाउने, प्रक्रियालाई सरलीकृत गर्ने तथा सेवालाई सकेसम्म विद्युतीय माध्यमबाट प्रवाह गर्ने व्यवस्था मिलाउन उनले निर्देशन दिए । 'सेवाग्राहीले अनावश्यक झन्झट व्यहोर्नु नपर्ने गरी काम गर्न सबै निकायलाई निर्देशन गर्दछु,' मन्त्री अर्याललेभने । आगामी निर्वाचनका लागि आवश्यक बजेट तथा कार्यक्रम सहज रूपमा उपलब्ध गराएकोमा मन्त्री अर्याललेअर्थ मन्त्रालयलाई धन्यवाद दिए । समीक्षा क्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र संघीय मामिला मन्त्रालयले दिएको सुझावलाई मनन गरी कार्यान्वयनमा लैजाने प्रतिबद्धता पनि उनले व्यक्त गरे । मन्त्री अर्याललेमन्त्रालय मातहतका निकायले वार्षिक कार्ययोजना, ' माइलस्टोन' तथा आन्तरिक प्रगतिलाई नियमित समीक्षा गर्दै लक्ष्यअनुरूप परिणाम हासिल गर्नेगरी काम गर्न मन्त्री अर्याललेनिर्देशन दिए ।

६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

■ सौर्य समाचार

काठमाडौँ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्वास्थ्य कार्यालय बाजुराका तत्कालीन निमित्त कार्यालय प्रमुख अशोककुमार सिंहसहित छ जनाविरुद्ध विशेष अदालत, काठमाडौँमा मुद्दा दायर गरेको छ ।

सार्वजनिक सम्पत्तिमा हानी नोक्सानी गरी भ्रष्टाचार गरेको आरोपमा शिक्षा विकास तथा समन्वय एकाइ बाजुराका तत्कालीन इन्जिनियर सुनेशकुमार चौरसिया, सव-इन्जिनियर नरेश रावत तथा प्रसूति केन्द्र भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष पारस रोकाया, सचिव मुना रोकाया र कोषाध्यक्ष खडक ऐडीविरुद्ध मुद्दा दायर गरिएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए ।

हिमाली गाउँपालिका-६ मा प्रसूति केन्द्र निर्माणका लागि स्वास्थ्य कार्यालय बाजुराले उपभोक्ता समितिलाई २६ लाख १५ हजार २०६ रुपैयाँको लागतमा जिम्मेवारी दिएको थियो । तर निर्माण लागत अनुमान र मापदण्डविपरीत गरी प्रयोगमा ल्याउन नसकिने अवस्थामा भवन बनाइएको र फर्जी बिल तथा प्रतिवेदनका आधारमा भुक्तानी लिइएको आयोगको अनुसन्धानबाट खुलेको हो । निर्मित संरचना हाल प्रयोगविहीन भई भग्नावशेषमा परिणत भएको र यसबाट सार्वजनिक सम्पत्तिको हिनामिना, हानी नोक्सानी तथा दुरुपयोग भएको आयोगले आयोगले जनाएको छ । आयोगले प्रतिवादीहरूमाथि जनही १५ लाख ८ हजार ५५७ रुपैयाँ बिगो कायम गरेको छ ।

एभरेष्ट कलर लिमिटेड

केन्द्रिय कार्यालय, मध्यपुर थिमी-३, भक्तपुर ।

दोश्रो बार्षिक साधारण सभा सम्बन्धी सूचना ।।।

प्रथम पटक प्रकाशित मिति २०८२/०८/०५

श्री शेयरधनी महानुभावहरु,

मिति २०८२/०८/०१ मा सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम यस एभरेष्ट कलर लिमिटेडको **दोश्रो बार्षिक साधारण सभा** निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको समुपस्थिती तथा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, स्थान र समय :

मिति : २०८२ मंसिर २९ गते सोमबार (तद्नुसार १५ डिसेम्बर, २०२५)

स्थान : त्रिशक्ति बैंक्वेट, कौशलटार, भक्तपुर

समय : बिहान १०:०० बजे

सभामा छलफलका लागि प्रस्तुत गरिने प्रस्तावित विषयहरु:

(क) सामान्य प्रस्तावहरु:

(१) संचालक समितिको तर्फबाट अध्यक्षले प्रस्तुत गर्ने आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरणलगायतका वित्तीय विवरणहरु छलफल गरि पारित गर्ने ।

(३) आ.व.२०८२/०८३ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।

(४) संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने ।

(ख) विशेष प्रस्तावहरु :

(१) सर्वसाधारण समूहलाई प्राथमिक शेयर निष्काशन (IPO) सम्बन्धमा ।

(२) प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भए आवश्यकता अनुसार परिमार्जन, संशोधन तथा सच्याउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने ।

(ग) विविध :

साधारण सभा सम्बन्धी सामान्य जानकारी:

(१) वार्षिक साधारण सभामा भाग लिने महानुभावहरुले आफु शेयरधनी रहेको स्पस्ट खुल्ने परिचय पत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ ।

(२) शेयरधनी महानुभावहरुको उपस्थितीका लागि शेयरधनी उपस्थिती पुस्तिका विहान ९:०० वजे देखि १०:०० वजे सम्म खुल्ला रहनेछ ।

(३) प्रतिनिधी नियूक्त गरि सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधी -प्रोक्सी) स्वतः बदर हुनेछ ।

(४) साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालयमा तथा फोन नं ०१-६६३४८०२ मा सम्पर्क राख्न सक्नु हुनेछ ।

साधारणसभा सम्बन्धी अन्य जानकारीका लागि everestcolour.com हेर्नु होला ।

श्री ल्याण्डमार्क फरेष्ट पार्कको (१८० शय्या क्षमतामा) स्तरोन्नति गरी रिसोर्ट सञ्चालनको वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८२/८/५)

बागमती प्रदेश, चितवन जिल्ला, रत्ननगर नगरपालिका वडा नं.७ मा श्री ल्याण्डमार्क फरेष्ट पार्क प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम तथा ठेगाना	श्री ल्याण्डमार्क फरेष्ट पार्क प्रा.लि. रत्ननगर नगरपालिका वडा नं. ७, चितवन, बागमती प्रदेश फोन नं.: +977-056-580311
प्रस्तावको व्यहोरा	११३ कोठामा १८० शय्या क्षमताको रिसोर्टको स्तरोन्नति गरी रिसोर्ट निर्माण तथा सञ्चालन कार्य
प्रभाव पर्न सक्ने जिल्ला/स्थानीय तह	बागमती प्रदेश, चितवन जिल्ला, रत्ननगर नगरपालिका वडा नं.७

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तह तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

राय सुझावका लागि पत्राचार गर्ने ठेगाना:

1. श्री नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं
   ईमेल:info@mofe.gov.np, फोन नं.: +९७७-०१-४२११७३७, ०१-४२११७०३
2. श्री संस्कृति,पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय, पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं
   ईमेल:info@tourismdepartment.gov.np, फोन नं.: +९७७-०१-५३४७०३७
3. श्री ल्याण्डमार्क फरेष्ट पार्क प्रा.लि., रत्ननगर नगरपालिका वडा नं.७, चितवन, बागमती प्रदेश
   फोन नं.: +977-056-580311
4. श्री ७ नं. वडा कार्यालय, रत्ननगर नगरपालिका, चितवन, बागमती प्रदेश
   फोन नं. +977-056-560529, ratna.municipal@gmail.com
5. श्री ग्रिनविच ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ्ग कन्सल्ट प्रा. लि., नयाँ बानेश्वर, काठमाडौँ
   ईमेल: geec.nepal@gmail.com, फोन नं.: +९७७-९८४१५३१५८२

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सडक सुधार तथा विकास आयोजना निर्देशनालय

महाकाली पुल योजना

महेन्द्रनगर, कञ्चनपुर

बोलपत्र स्वीकृत सम्बन्धि आशयको सूचना

सूचना प्रकाशित मिति: २०८२/०८/०५

यस कार्यालयको सूचना नं. 01/082/83/MBP, मिति २०८२/०५/२२ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रीतपूर्वक पेश भएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपसिल अनुसारको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा ऐ. ऐ ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :-

ठेक्का न	ठेक्काको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम रु.(VAT र PS बाहेक)
BSMBP/01/337011324/ 082/83-01	Bridge Maintenance and Safety Upgradation Work along Mahendra Highway (Chisapani to Gadda chowki section)	JV Name: Himalayan - Rock J/V, Lead: Himalayan Engineering Associates Pvt.Ltd, Sub: Rock & Builders Pvt. Ltd, Maharajgunj-3 ,Kathmandu	1,65,33,169.96

योजना प्रमुख

नेपाल सरकार
भौतिक पर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
सडक डिभिजन काठमाडौं

बोलपत्र स्वीकत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८२।०८।०५)

यस डिभिजनको मिति २०८२।०६।१० को आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. ०६।२०८२।८३ को बोलपत्र आह्वान सूचना बमोजिम तपसिलका ठेक्काको लागि म्याद भित्र E-Bid मार्फत दर्ता भएका बोलपत्रहरु मध्येबाट न्यनतम मल्यांकित सारभुत रुपमा प्रभावग्राही निम्नानुसारको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयो जनार्थ सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

ठेक्का नं.	कामको विवरण	निर्माण व्यवसायी	कवोल अंक रु. (VAT, PS सहित)
RDKTM/337011364/ 082/83/018	Road Safety works on SRN/ SURN Roads under Road Division Kathmandu.	Purbadhar Nirman Pvt. Ltd.	78,89,190.88

डिभिजन प्रमुख

बुङ्गल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

खिरातडी ,बझाङ
सुदुरपश्चिम प्रदेश,नेपाल

बोलपत्र आह्वान सम्बन्धि सूचना

प्रकासित मिति : २०८२/०८/०५

यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार आ. ब. २०८२/०८३ मा यस नगरपालिका भित्र तपसिल बोमोजिमको बोलपत्र आह्वान गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ . बोलपत्र सम्बन्धि बिस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्न अनुरोध गरिन्छ .

सि.न.	बोलपत्र न.	बोलपत्रको बिबरण	लागत अनुमान मु.अ. कर बाहेक (रु.)	बोलपत्र दस्तुर (रु.)	बैंक जमानत
१	BM-NCB/G-01-082/083	Supply and Delivery of Medicine Items	4264627.50	3000.00	107000.00